जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १५३ २०७६ साल माघ १ गते बुधबार (15 Jan. 2020 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

***Log on : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : द्रुतमार्ग प्रभाव क्षेत्रमा ... ३ पृष्ठमा : दुर्गा सेकेण्ड्री ... ३ पृष्ठमा : पाकिस्तान नियन्त्रित ...

# माघ १० भित्र माँग पुरा गर्ने लिखित प्रतिबद्धतापछि छिन्नमस्ताको धर्ना स्थगन
## वार्तामा गापा अध्यक्ष र उपाध्यक्ष अनुपस्थित



**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा विगत १५ दिनदेखी जारि धर्ना कार्यक्रम मंगलबारदेखी स्थगन भएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुन्दन कुमार कर्ण र सम्पूर्ण वडा अध्यक्षहरुले माघ १० गतेसम्म आन्दोलनरत पक्षहरुको १४ बुँदे माँग पुरा गर्ने लिखित प्रतिबद्धता जनाएपछि सो धर्ना स्थगन गरिएको नेकपा छिन्नमस्ता गाउँपालिका संघर्ष समितिका संयोजक बिनोद यादवले जानकारी दिएका छन ।

सोमबार गाउँपालिकाको कार्यालयमा भएको वार्तामा ती माँगहरु बारे प्रमुख प्रशासकीय अधिकत र वडा अध्यक्ष तथा सदस्यहरुले लिखित प्रतिबद्धता जनाए पनि सो क्रममा गाउँपालिका अध्यक्ष र उपाध्यक्षको उपस्थिति भने थिएन् ।

गाउँ परिषद् अविलम्ब गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता तत्काल उपलब्ध गराउनु पर्ने, उपभोक्ता समितिद्वारा सम्पन्न भइसकेका कामहरुको भुक्तानी हुनुपर्ने तथा विभिन्न अनियमितताको छानबिन हुनुपर्ने लगायतका १४ बुँदे माँग सार्दै संघर्ष समितिको अगुवाईमा धर्ना दिइएको थियो । यसअघि ती माँग मध्ये गत बिहीबार धर्ना कार्यक्रमकै बीचमा सामाजिक सुरक्षा भत्ता बितरण गरिएको थियो ।

विभिन्न १४ बुँदे माग राखेर गत पुस १५ गतेदेखी नेकपा छिन्नमस्ता गाउँपालिका संघर्ष समितिले बिहान १० बजेदेखी १ बजेसम्म धर्ना दिँदै आएको थियो ।

# ग्राहक बनेर आएकाले बैंकमा बम राखेको आशंका, सेनाद्वारा निस्कृय



**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

राजविराजस्थित एन आई सि एसिया बैंकमा मंगलबार बिहान बम फेला परेको छ । उक्त बमलाई नेपाली सेनाले निस्कृय गरेको हो ।

राजविराज ८ स्थित सो बैंकको दोस्रो तल्ला चढ्ने भऱ्याङको कुनामा बम फेला परेको हो । बिहान १०:३० बजे तल ओर्लेको बेला प्रबन्धक मुकेश साहले कुनामा सेतो प्लास्टिकको कार्टुनमा शंकास्पद्धबस्तु देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

यता सेतो कार्टुनमा खतरा

***बाँकी अन्तिम पृष्ठमा***

# क्रकेटको बिकासका लागि प्रतिष्ठान गठन



**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

भविष्यमा राष्ट्रलाई सप्तरीबाट स्तरीय खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ क्रिकेट बिकास प्रतिष्ठानको स्थापना गरिएको छ ।

प्रतिष्ठानको आयोजनामा मंगलवार सम्पन्न उक्त कार्यक्रममा बक्ताहरुले सप्तरीको क्रिकेट बिकासलाई ग्रासरुटबाटै लान सुझाव दिएका छन् ।

त्यस्तै क्रिकेटको आधारभुत ज्ञान दिनु आवश्यक रहेकोले तत्काल बिद्यालयका बालबालिकाहरुलाई प्रशिक्षणको व्यवस्थापन मिलाउन समेत जोड दिएका छन् । यसका लागि बिद्यालयका प्रअहरुले बालबालिकाहरुको कौशललाई निर्खानका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता समेत गरे ।

कार्यक्रमका प्रमुख अतिथी जिल्ला समन्वय समितिका सभापति प्रभाकर यादवले सप्तरीको क्रिकेटलाई माथिल्लो स्तरसम्म पुऱ्याउन सप्तरी क्रिकेट संघको सहकार्यमा आफ्नो पुर्ण सहयोग रहने प्रतिबद्धता जनाए ।

कार्यक्रममा सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठले

***बाँकी तीन पृष्ठमा***







देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

# द्रुतमार्ग प्रभाव क्षेत्रमा तेस्रो चरणको वृक्षरोपणको प्रक्रिया शुरु

काठमाडौँ, २९ पुस (रासस) ।

काठमाडौँ-तराई-मधेश द्रुतमार्ग सडक आयोजनाको प्रभाव क्षेत्रभित्र परेर काटिएका रुख तथा बिरुवाको सट्टामा नेपाली सेनाले व्यापकरूपमा वृक्षरोपणको कामलाई अगाडि बढाइरहेको छ । सेनाले सोही प्रयोजनाका लागि बाराका तीन स्थानमा बिरुवा रोप्ने तथा हुर्काउने कामका लागि प्रक्रिया थालेको हो । सेनाले बोलपत्रमार्फत बिरुवा रोप्न तथा हुर्काउनका लागि सार्वजनिकरूपमा नै सूचना प्रकाशित गरी सम्बन्धित व्यवसायीलाई आग्रह गरेको छ ।

करीब रु तीन करोड लागत रहेको सो योजनाका लागि सेनाले बोलपत्रदातालाई विद्युतीय खरीद प्रक्रियामा सहभागी हुन आग्रह गरेको छ । बाराका तीन स्थानमा रोपिने बिरुवाका लागि कूल रु दुई करोड ९७ लाख ८४ हजार ८५७ बराबरको लागत रहने अनुमान गरिएको छ । देशकै पहिलो र महत्वाकाङ्क्षी परियोजनाका रूपमा रहेको द्रुतमार्गमा हालसम्म १७ हजार ९४९ र भविष्यमा पुल तथा सुरुङ निर्माणका क्रममासमेत हटाउनुपर्ने रुख सङ्ख्या दुई हजार ७० रहेका छन्गस ।

ती बिरुवा काटिएपछि एक रुख बराबर २५ बिरुवा रोप्नुपर्ने वन तथा भूसंरक्षण विभागबीच समझदारी भएको छ । सोही समझदारीलाई कार्यान्वयन गर्ने लक्ष्यसाथ सेनाले ७ नं बेसक्याम्प अर्थात् राजदमार बेसक्याम्प र निजगढ बेसक्याम्पभित्र दुई नर्सरीमा बिरुवा हुर्काइरहेको छ । सेनाले पहिलो चरणअन्तर्गत गत असोजमा बाराको कोल्हवी नगरपालिका-८ मा रहेको सहजनाथ साझेदारी वन क्षेत्रमा रहेको ५.६१ हेक्टर खाली क्षेत्रमा पाँच हजार सिमल, शिरीष तथा जामुनका बिरुवा रोपी रेखदेख गरिरहेको छ । सरकारले सञ्चालन गरेको वृक्षरोपण अभियानकै क्रममा ती बिरुवा रोपिएको थियो ।

यस्तै दोस्रो चरणमा केही दिनभित्रै बाराकै निजगढ नगरपालिको नागमणि र कछडिया सामुदायिक वन क्षेत्रको ७० हजार खाली जग्गामा एक लाख १२ हजार बिरुवा रोप्नका लागि अन्तिम तयारी भइरहेको छ । सेनाले सरकारको आग्रहमा फलफूलका बिरुवासमेत रोप्ने योजना अगाडि सारेको छ । सेनाले तेस्रो चरणमा निजगढ नगरपालिका-१०, कोल्हवी नगरपालिका-८ नयाँबस्ती र कोल्हवी नगरपालिका-५ बारामा बिरुवा रोप्नका लागि बोलपत्र आह्वान गरेको छ ।

निजगढ-१० मा बिरुवा रोप्नका लागि अनुमानित लागत रु एक करोड ३६ लाख २१ हजार ३८१ रहेको छ । कोल्हवी-८ का लागि रु ९१ लाख ७३ हजार ४०३ र कोल्हवी-५ का लागि रु ६९ लाख ९० हजार ७३ बराबरको लागत रहने अनुमान गरिएको छ । द्रुतमार्ग आयोजना कार्यान्वयन तथा अप्रेशन महाशाखाका प्रमुख सेनानी विश्वबन्धु पहाडीका अनुसार द्रुतमार्ग आयोजनामा बिरुवा काट्ने मात्रै नभई संरक्षणमा समेत सेना लागेको तथा वृक्षरोपणलाई तीव्र पारिएको हो ।

"हामीले सरकारले तय गरेको नीतिअनुसार नै एक रुख काट्दा २५ बिरुवा रोप्ने लक्ष्यका साथ काम गरिरहेका छौँ', सोही लक्ष्य पूरा गर्न नर्सरी नै तयार पारेर बिरुवा हुर्काइएको छ", पहाडीले भन्नुभयो । नेपाली सेनाले निर्माण गरिरहेको काठमाडौँ-तराई-मधेश द्रुतमार्गको सडक क्षेत्रमा पर्ने रुख तथा बिरुवा काटिएका छन् । त्यही काटिएका रुखको सट्टामा रोप्नुपर्ने बिरुवा हुर्काउने काममा नेपाली सेनाका प्रमुख सेनानी सुशीलकुमार कार्कीको नेतृत्वमा एउटा टोली नै परिचालित छ ।

सेनाको ८ नं बेसक्याम्प राजदमार र १० नं निजगढमा नर्सरी नै तयार गरिएको छ । नर्सरीमा केही भर्खर उम्रिएका बिरुवा छन् भने केही अन्यत्र सार्न लैजान ठिक्क भएका छन् । राजदमारमा मात्रै खयर ४० हजार ५९५, इपिलइपिल १५ हजार ३५५, सिमल सात हजार ८९५, सिसौ चार हजार ५२०, अमला ५५, अन्य एक हजार ५०० गरी कूल ७० हजार ४२० बिरुवा तयार पारिएको छ । सो बेसक्याम्पमा मात्रै कूल ७० हजार ४२० बिरुवा हुर्कने चरणमा छन् ।

यस्तै निजगढ बेसक्याम्पको नर्सरीमा मात्रै टिक ४९ हजार ४००, खयर ३६ हजार, सिमल चार हजार ५००, सिसौ दुई हजार २००, अमला एक हजार ५००, निम ६००, बेल ५०० र अन्य एक हजार गरी कूल एक लाख १० हजार ७०० वटा बिरुवा नर्सरीमा हुर्कने क्रममा छन् । सेनाले दुई बेसक्याम्पमा गरी कूल एक लाख ८१ हजार १२० बिरुवा अन्यत्र सार्न तयार हुने क्रममा छन् ।

सेनाले इपिल, मलेसियन साल, बेल अमला, खयर, सिमल र छिटो बढ्ने बिरुवा हुर्काइरहेको छ । आवश्यकताअनुसार थप बिरुवा पनि उत्पादन गर्ने लक्ष्य राखिएको प्रमुख सेनानी कार्कीले जानकारी दिनुभयो । सेनाले डिभिजन वन कार्यालयबाट उपलब्ध हुने ३१५ हेक्टर सरकारी खाली जग्गाका प्लटलाई आवश्यक फेन्सिङ, सिँचाइ तथा संरक्षणको व्यवस्था गरी आगामी पाँच वर्षभित्र बिरुवा हुर्काइ सम्बन्धित वन डिभिजनलाई हस्तान्तरण गर्ने योजना बनाएको छ ।

नेपाली सेनाको नेतृत्वमा निर्माण भइरहेको काठमाडौँ-तराई मधेश द्रुतमार्गमा सडकखण्डको काम द्रुतगतिमा भइरहेको छ । तराईलाई काठमाडौँ जोड्ने सबैभन्दा छोटो मार्गका रूपमा निर्माण भइरहेको आयोजनाको सुरुङ र पुलबाहेकको भौतिक प्रगति ८० प्रतिशतको हाराहारीमा पुगेको छ । सेनाले विभिन्न १० स्थानमा वेसक्याम्प खडा गरेर निर्माणलाई गति मात्रै दिएको छैन, मुलुकको पहिलो द्रुतमार्ग निर्माणलाई प्रत्यक्षरूपमा नेतृत्वसमेत गरेको छ ।

निर्माणको गति र भइरहेको कामको प्रगतिका आधारमा चालू आवको अन्त्यसम्म सेनाले सडकतर्फको सबै काम सम्पन्न गर्नेछ । कालोपत्र गर्नेसम्मको सडक आगामी असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ विभिन्न ३० प्याकेजमा काम भइरहेको छ । सडक निर्माणको काम अन्तिम चरणमा पुग्ने क्रममा रहेसँगै सेनाले सुरुङ र पुल निर्माणका लागिसमेत प्रक्रिया शुरु गरिसकेको छ । मार्गमा तीन सुरुङ निर्माण हुनेछन् ।

आयोजनाको स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)अनुसार महादेवडाँडामा ३.३ किलोमिटर लामो सुरुङ निर्माण हुनेछ । यस्तै धेद्रेमा १.६ र लेनडाँडामा १.४ किलोमिटर लामो सुरुङ निर्माण गर्ने तयारी छ । कूल ७२.५ किलोमिटर लामो द्रुतमार्गमा पहिले ९६ पुल निर्माण हुने भनिए पनि स्वीकृत डिपिआरमा ८६ पुल निर्माण हुने उल्लेख छ । चार लेनको सडकमा समथर भू-भागमा २७ मिटर चौडाइ र अरू ठाउँमा २५ मिटर चौडाइ हुनेछ ।

आयोजनामा तीनवटा सुरुङको लम्बाइ छ किलोमिटर र पुलको लम्बाइ १० किलोमिटर हुनेछ । आयोजनामा पुल र सुरुङबाहेकको खण्ड ५५.५ किलोमिटर हुनेछ । त्यसमध्ये कूल ३१ किलोमिटरको काम करीब सम्पन्न भएको छ । द्रुतमार्ग आयोजना कार्यान्वयन तथा अप्रेशन महाशाखा प्रमुख पहाडीका अनुसार बाँकी सडकको 'ट्र्याक' खोल्ने काम पनि ८० प्रतिशत सकिएको छ ।

आयोजनाको कूल खण्डमध्ये ललितपुरमा ७.९ किलोमिटर, काठमाडौँमा चार किलोमिटर, मकवानपुरमा ५३ किलोमिटर र बारामा ७.६ किलोमिटर पर्दछ । तत्कालीन पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले विसं २०७४ वैशाख १२ गते आयोजना निर्माणको जिम्मा नेपाली सेनालाई दिने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा सोही वर्षको जेठ १४ गते निजगढमा आयोजनाको शिलान्यास तत्कालीन प्रधानमन्त्री प्रचण्डले गर्नुभएको थियो ।

# त्रिविद्वारा स्ववियु निर्वाचनको तयारी गर्न निर्देशन

काठमाडौँ, २९ पुस (रासस) ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको तयारी गर्न मातहतका क्याम्पसलाई निर्देशन दिएको छ । विद्यार्थी कल्याण महाशाखा प्रमुख गङ्गाबहादुर थापाले आगामी फागुन १४ गते हुने स्ववियु निर्वाचनको तयारी गर्न त्रिविका ६२ आङ्गिक क्याम्पसलाई सोमबार पत्र पठाउँदै निर्देशन दिइएको जानकारी दिनुभयो ।

त्रिवि कार्यकारी परिषद्को गत बुधबार बसेको बैठकले फागुन १४ गते स्ववियु निर्वाचन गर्ने निर्णय गरेको थियो । "हामीले आङ्गिक क्याम्पसलाई स्ववियु निर्वाचनको तयारी गर्न निर्देशन दिएका छौँ", उहाँले भन्नुभयो, "सम्बन्धन प्राप्त क्याम्पसले पनि सूचना जारी गरेर तयारी गर्न निर्देशन दिन्छौँ ।" क्याम्पसले नै निर्वाचनका लागि निर्वाचन कमिटी बनाउने गर्दछ ।

उहाँका अनुसार त्रिविले माघको पहिलो हप्ताभित्र सवै विद्यार्थीसँग छलफल गरेर निर्वाचन कार्यतालिका सार्वजनिक गर्ने छ । त्रिविका ६२ आङ्गिक र सम्बन्धन प्राप्त करीब एक हजार ५१ क्याम्पसमा स्ववियु निर्वाचन हुनेछ । विगत १० वर्षदेखि स्ववियु निर्वाचन हुन नसक्दा अधिकांश क्याम्पस स्ववियुविहीन छन् । प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन विसं २०६५ यता त्रिविका सबै क्याम्पसमा हुनसकेको छैन ।

विद्यार्थी सङ्गठनबीच उमेर हदबन्दी र निर्वाचन प्रणालीबीच सहमति हुन नसक्दा धेरै क्याम्पसमा निर्वाचन हुन नसकेको हो । विसं २०७३ मा भएको स्ववियु निर्वाचन २५० मात्र क्याम्पसमा भएको थियो । निर्वाचनमा २८ वर्षे उमेर हदबन्दी, अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन र उपाध्यक्ष, सहसचिव तथा ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन गरी मिश्रित निर्वाचन प्रणालीमा हुनेछ ।

## क्रकेटको बिकासका ...

सप्तरीमा खेल गतिबिधी निरन्तर भएता पनी आवश्यक्ता अनुसारका क्रिकेट मैदान नभएकोले सो तर्फ समेत ध्यान दिनु पर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाल क्रिकेट संघका पुर्वअध्यक्ष शैलेश कुमार चौधरीले क्रिकेट बिकास प्रतिष्ठानलाई सप्तरी क्रिकेट संघ संगको सहकार्यमा बिद्यालयका स्तरीय खेलाडष सैलाई प्रशिक्षण तथा स्तरीय क्रिकेट एकेडेमी संचालन गर्न सुझाव समेत दिए ।

क्रिकेट बिकास प्रतिष्ठानका अध्यक्ष ईन्द्र नारायण देवले सप्तरीको क्रिकेट बिकासको लागि ग्रासरुटबाटै खेलाडी उत्पादन गर्नका लागि बन्दशिविरको आयोजना संगै एकेडेमी निर्माण समेत गर्न पहल गर्ने जानकारी दिँदै अगामी दिनमा स्तरीय खेलाडी उत्पादनका लागि बिभिन्न क्रियाकलापको समेत आयोजना गर्ने जानकारी दिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष श्यामसुन्दर यादव, बरिष्ठ पत्रकार शिवहरि भटराई, बरिष्ठ पत्रकार मुरली यादव, बरिष्ठ पत्रकार बैधनाथ यादव, खेलकुद पत्रकार मंचका अध्यक्ष मनोज माझी, निजामति कर्मचारी महासंघ सप्तरीका अध्यक्ष अजय कुमार झा लगायतले सुझाव दिएका थिए ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# फोहरबाट मल बनाउने योजना अलपत्र

**राजु विश्वकर्मा**
लहान, २९ पुस (रासस) ।

लहान नगरपालिकाले ठूलो रकम खर्चेर बनाएको फोहरमैला प्रशोधन केन्द्र सञ्चालनमा नआउँदा नगरक्षेत्रबाट सङ्कलन हुने फोहरबाट मल बनाउने योजना अलपत्र परेको छ ।

फोहरबाट मोहर कमाउने उद्देश्यका साथ लहान नगरपालिका-४ स्थित खुट्टी खोलाको छेउमा बनाइएको फोहरमैला व्यस्थापन केन्द्र र त्यसभित्र निर्माण गरिएका संरचना प्रयोगमा नआउँदा लहान नगरक्षेत्रबाट सङ्कलन हुने वार्षिक सात हजार ३०० मेट्रिक टन फोहर उपयोगविहीन बन्दै आएको छ ।

लहान नगरपालिका-४ मा निर्माण गरिएको फोहरमैला व्यवस्थापन केन्द्रको उचित व्यवस्थापन र हेरचाह हुन नसक्दा यसको अस्तित्व सङ्कटमा पर्नुको साथै गौचरणमासमेत परिणत भएको छ । लहान नगरक्षेत्रबाट वार्षिक सात हजार ३०० मेट्रिक टन फोहर सङ्कलन हुँदै आएको छ ।

कुहिने चार हजार ३८० र नकुहिने दुई हजार ९२० मेट्रिक टन फोहर लहानमा सङ्कलन हुँदै आएको लहान नगरपालिकाको सामाजिक शाखाका भानुराज शर्माले जानकारी दिनुभयो । घरपरिवारबाट ५२ प्रतिशत, स्वास्थ्य प्रतिष्ठानबाट १५ प्रतिशत, शैक्षिक संस्थानबाट ८ प्रतिशत, उद्योग व्यापारबाट १६ प्रतिशत र अन्य ९ प्रतिशत फोहर लहानमा वार्षिक उत्पादन हुँदै आएको उहाँले बताउनुभयो ।

उत्पादित फोहर सङ्कलनको बनाइएको डम्पिङ साइडमा बनाइएको संरचना प्रयोगमा नआउँदा मल बन्ने फोहर पनि त्यतिकै खेर गइरहेको उहाँको भनाइ छ । लहान नगरपालिकाले फोहर सङ्कलनको लागि बजारक्षेत्रमा रातो निलो डस्बिन वितरणसमेत गरिएको छ भने नियमित फोहर सङ्कलनको लागि रिक्सा ३, ट्र्याक्टर पाँच, टिपर दुई, लोडर एक, ग्रेडर एक, डोजर दुई र एक्साभेटर दुई प्रयोग गर्दै आएको छ । तर सङ्कलन भएको फोहरमैला जताततै फ्याँक्ने गरिएको छ भने फोहर छुटचाउन बनाइएका संरचनासमेत प्रयोगबिहीन बनेका छन् ।

लहान नगरपालिकाभित्रका फोहरलाई सुरक्षित रूपमा व्यवस्थापन गरी त्यसबाट मल उत्पादन गरेर बिक्री गर्ने लक्ष्यका साथ करीब एक बिघा क्षेत्रफलमा तारजालीले घेरबार गरी निर्माण गरिएको फोहरमैला व्यवस्थापन केन्द्र यतिबेला डम्पिङ साइडमा रुपान्तरित भएको छ ।

नगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत महेन्द्रकुमार खम्याडको प्रयासमा आर्थिक वर्ष २०७१/७२ मा उक्त फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो । स्थानीय विकास मन्त्रालयको करीब रु एक करोडको लागतमा नगरपालिकाले निर्माण गरेको सो केन्द्रको संरक्षण र व्यवस्थापनमा सम्बन्धित निकायले ध्यान नदिँदा सरकारी लगानी बालुवामा पानी सरह बनेको स्थानीयवासीको भनाइ छ ।

एकातिर फोहरमैला जताततै फ्यालिएको छ, भने भने अर्कोतिर फोहरमैला छुट्ट्याउनका लागि निर्माण गरिएको सेड प्रयोगबिहीन बनेका छन् । लामो समयदेखि सेड प्रयोगबिहीन हुँदा त्यहाँ रुख उम्रिएको छ भने सेड बालबालिकाको खेलकूद गर्ने स्थल बन्न थालेको स्थानीयवासी बताउँछन् । यसका साथै स्वास्थ्य संस्थाबाट सङ्कलन गरिएको सुई, कपास, प्लाष्टिकका झोला, म्याद गुज्रेको औषधिसमेत जथाभावी फ्यालिएको छ ।

यस्तै फोहरमैला व्यवस्थापन केन्द्रभित्रै शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय राजविराजले करीब रु पाँच लाखको लागतमा बनाइदिएको इन्सिनेटर (स्वास्थ्य संस्थाबाट निष्किने फोहरलाई नष्ट पारेर त्यसबाट मल निकाल्ने उपकरणसहितको भवन) समेत प्रयोगबिहीन रहेका छन् । कुहिने र नकुहिने गरी फोहरलाई छुट्ट्याएर त्यसलाई प्रशोधन गरी त्यसबाट मल निकाल्ने लक्ष्य थियो, लहान नगरपालिका-४ का वडाअध्यक्ष रामनाथ पण्डितले भन्नुभयो, "तर जे लक्ष्यका साथ बनाइयो अहिले त्यसको विपरीत जथाभाबी फोहर फ्यालिने गरिएको छ, नत सेडको प्रयोग भएको छ नत इन्सिनेटर कै प्रयोग भएको छ ।" फोहर व्यवस्थापनका लागि नगरपालिकाले वार्षिक ठूलो रकम खर्चिने गरेपनि त्यसको व्यवस्थित व्यवस्थापन हुन नसक्दा सर्वसाधारण मात्रै होइन्, स्वयं जनप्रतिनिधिसमेत असन्तुष्ट बनेका छन् ।

ठूलो लगानी गरेपनि फोहरमैला व्यवस्थापन केन्द्र बनाएको छ, तर त्यो प्रयोगबिहीन र लथाथिङ्ग बन्दा लगानी बालुवामा पानी हाले सरह नै भएको छ, वडाध्यक्ष पण्डितले भन्नुभयो, "जुन उद्देश्यका लागि राज्यको ठूलो लगानी गरी बनाइएको हो, त्यो नै हुन नसकेपछि यसको औचित्य नै छैन् ।" यसलाई व्यवस्थित गरी वृक्षरोपण, रमणीय वातावरण बनाएर पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने आफ्नो सोच रहेको वडाध्यक्ष पण्डितको कथन छ ।

यता लहान नगरपालिकाका प्रमुख मुनी साहले फोहरमैला व्यवस्थापन केन्द्रमा फोहर फ्याक्न नदिने विभिन्न प्रकारको षड्यन्त्र हुँदै आएकाले त्यसलाई व्यवस्थित गर्न नसकिएको बताउनुभयो । उहाँले फोहरमैलालाई व्यवस्थित गरी फोहरबाट मल उत्पादन गर्ने योजनालाई सफल बनाउन नगरपालिकाले योजना बनाइरहेको बताउनुभयो ।

# दुर्गा सेकेण्ड्री सेमिफाईनलमा प्रवेश

**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

राजविराजमा संचालित अन्तर विद्यालय जिल्ला स्तरिय क्रिकेट प्रतियोगिता अन्तरगत मंगलबार सम्पन्न खेलमा दुर्गा सकेण्ड्रीले प्रिमियर सेकेण्ड्रीलाई ५ विकेटले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ ।

सप्तरी क्रिकेट संघसंगको सहकार्यमा ग्रिन नेपाल राजबिराजको आयोजनामा राजरंगशालामा संचालित उक्त प्रतियोगितामा प्रिमियरले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णाय गर्दै निर्धारित २० ओभरको खेलमा ५ बिकेटको नोक्सानी १ सय १ रनको योगफल तयार पारको थियो ।

प्रिमियरका लागि रोहित भगत र युवराज साहले सामान २५ रन तथा प्रदिप यादवले १९ रनको योगदान दिएका थिए । बलिंग तर्फ दुर्गाका भिम यादवले ३ तथा सफल थापाले १ बिकेट लिएका थिए ।

१ सय २ रनको लक्ष्य लिई मैदानमा ओर्लेको दुर्गाले उक्त लक्ष्य सजिलै १६ ओभर ५ बलमा ५ बिकेटको नोक्सानीमा भेटाएका थिए ।

दुर्गाका लागि अभिशेक कार्की २४ र सुमित झाले १० तथा निलेश देवले १३ रनको योगदान दिएका थिए भने सफल थापा ११ र श्रवण मुखिया ७ रनमा नटआउट रहेका थिए । बलिंग तर्फ प्रिमियरका रोहित भगतले २ तथा मो. सदाम र जय यादवले सामान १ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच दुर्गा सेकेण्ढ्री स्कुलका भिम यादवलाई सप्तरी युथ नेपालका कोषाध्यक्ष बिष्णु यादवले नगद तथा ट्रफि प्रदान गरेका थिए ।




प्रतियोगिता अर्न्तगत बुधवार सृजना सेकेन्ड्री स्कुल र लिटल एन्जल सेकेण्ड्री स्कुल बिच हुने आयोजक समितिका संयोजक खेलानन्द दासले जानकारी दिएका छन् ।

# माध्यमिकदेखि उच्चशिक्षासम्म योग शिक्षाको पाठ्यक्रम तयार

काठमाडौँ, २९ पुस (रासस) ।

जीवन दर्शनकै रूपमा विकास गराउन माध्यमिक तहदेखि उच्चशिक्षासम्मको पाठ्यक्रममा योग विषयलाई समावेश गर्न थालिएको छ । नेपाललाई योगभूमिका रूपमा राष्ट्रिय र अन्तरराष्ट्रियस्तरसम्म परिचित गराउने लक्ष्यसहित सरकारले कक्षा ९ देखि १२ सम्म ऐच्छिक विषय हुने गरी पाठ्यक्रम तयार गरेको छ ।

यसैगरी विभिन्न विश्वविद्यालयले स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहसम्म योग विषय अध्ययनअध्यापनका लागि तयारी गरेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद्को 'टी-एसइई' को 'लेभल २' मा तीनवर्षे योगार्थी कक्षा सञ्चालन हुन थालेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक डा लेखनाथ पौडेलले विगतमा कक्षा ९ मा योग विषयको पाठ्यक्रम रहेकामा अब एकीकृत पाठ्यक्रमका रूपमा कक्षा १२ सम्म योग, प्राकृतिक चिकित्सा र आयुर्वेदका अलग अलग तीन ऐच्छिक विषय पढ्न सकिने जानकारी दिनुभयो । उहाँले पाठ्यक्रम तयार भइसकेकाले लागू गराउन चाहने विद्यालयले माग गरेका आधारमा पाठ्यपुस्तक उपलब्ध हुने राससलाई जानकारी दिनुभयो ।

योग प्रशिक्षक एवं अभियानकर्मी डा हरिप्रसाद पोखरेलको संयोजकत्वमा गठित कार्यदलले माध्यमिक तहको योग विषयको पाठ्यक्रम तर्जुमा गर्न सुझाव दिएको थियो । उक्त सुझावलाई पाठ्यक्रम विकास परिषद्ले स्वीकृत गरेको थियो । आउँदो माघ १ गते 'राष्ट्रिय एकता : योगको सान्दर्भिकता' भन्ने आदर्श वाक्यका साथ राष्ट्रिय योग दिवस मनाउने तयारी भइरहेका बेला मन्त्रालयले योगलाई शैक्षिक र अभ्यास दुवै क्षेत्रमा प्रवर्द्धनका लागि पहल गरिरहेको छ ।

हरेक जून २१ मा अन्तरराष्ट्रिय योग दिवस मनाउनका साथै नेपालमा विसं २०७२ देखि माघ १ मा राष्ट्रिय योग दिवस मनाउन थालिएको हो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको सिफारिसमा जारी भएको राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई हिन्दू, बौद्धलगायत पौरस्त्य दर्शन, सभ्यता, संस्कृतिलगायतको केन्द्रविन्दु बनाई पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवं परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा आदि विषयको अध्ययन तथा अनुसन्धान केन्द्रको विकास गर्ने रणनीति लिएको छ ।

सो नीतिमा योग, ध्यान र दर्शनको अध्ययन र अभ्यासलाई विद्यालयमा मात्र सीमित नराखी राष्ट्रिय अभियान र जनसंस्कृतिका रूपमा देशभरि सबै नागरिकमा विस्तार गर्दै सामुदायिक सिकाइ केन्द्र, खुला विद्यालय तथा विश्वविद्यालय, पुस्तकालयको सञ्जाल विस्तार गर्ने, आफ्नै मौलिक कला र संस्कृति, चित्रकला, मूर्तिकला, काष्ठकला, प्रस्तरकला, परम्परागत कला एवं प्रविधि, विविध वाद्यवादन विभिन्न गीत, सङ्गीत तथा नृत्यलाई समेटेर विशिष्टतामा आधारित कला तथा संस्कृति विश्वविद्यालय वा एकेडेमीमार्फत विदेशी विद्यार्थीलाई आकर्षण गरिने उल्लेख छ । सरकारले विदूषी योगमाया आयुर्वेद विश्वविद्यालय स्थापनाका लागि कानून निर्माणको प्रक्रिया पनि अघि बढाएको छ ।

मन्त्रालयका सहसचिव कृष्णप्रसाद काप्रीले शिक्षा नीतिमा स्पष्ट रणनीति उल्लेख भएकाले अब योगको अध्ययन अध्यापनलाई विश्वविद्यालय तहसम्म विस्तार गरिने बताउनुभयो । उहाँले राष्ट्रिय योग अभ्यासक्रम निर्माण गर्ने तथा प्राविधिक धार र उच्चशिक्षामा समेत योग विषयको पठनपाठन गराउने तयारी गरिएको जनाउनुभयो । स्नातकोत्तर योग एसोसिएशनका अध्यक्ष डा क्षितिज बाराकोटीले नेपाल संस्कृति विश्वविद्यालयले स्नातक तहको साढे पाँचवर्षे पाठ्यकममा योगलाई समावेश गर्ने तय भइसकेको बताउनुभयो ।

पूर्वीय एवं प्राचीन सभ्यताका रूपमा योगलाई जीवन विज्ञान र जीवन शैलीका रूपमा लिइने भएकाले त्यसलाई निरन्तरता दिन पछिल्लो समयमा नेपालमा सरकारी र गैरसरकारी क्षेत्रबाट पहल भइहेको छ । नेपालमा विसं २०३६ देखि जनस्तरमा राष्ट्रिय योग दिवस मनाइँदै आएकामा मन्त्रिपरिषद् २०७२ को साउन २८ को निर्णयबाट मकर सङ्क्रान्तिका दिन सरकारीस्तरबाट राष्ट्रिय दिवस मनाउन थालिएको हो । आदियोगी शिव, हजारौँ ऋषिमुनि तथा शान्तिका अग्रदूत गौतम बुद्धको साधना थलोका रूपमा नेपाल परिचित छ । योगभूमि नेपाललाई संसारभरको योग साधकहरूको गन्तव्यस्थल बनाउन र योग तथा पर्यटनमार्फत देशको समृद्धिको मार्ग खोल्न आवश्यक रहेको मन्त्रालयले जनाएको छ ।

प्राचीन योगी, ऋषिमहर्षिले सगरमाथाको काखमा अवस्थित हिमवत क्षेत्रमा बसेर कन्दमूल, जडीबुटी र जल सेवन गरी दीर्घ तपः साधनाका माध्यमबाट प्राप्त योगको जगमा नै शिव सभ्यता, जनक सभ्यता र बुद्धसभ्यताको त्रिवेणी सङ्गमस्थलका रूपमा नेपाललाई पावन भूमि मानिन्छ ।


## श्री जनहित रा.प्रा.वि. गंगाजली
### सप्तकोशी नगरपालिका-५, सप्तरी, नेपाल
### विषय : बिज्ञापन गरिएको सम्बन्धमा

*मिति : २०७६/०९/२९*

उपयुक्त विषयमा सप्तकोशी नगरपालिका शिक्षा शाखाको च.न. २२ मिति २०७६/०९/०१ गतेको प्राप्त पत्र तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७६/०९/२४ गतेको निर्णय अनुसार सप्तकोशी नगरपालिकाको शिक्षण सिकाई उत्प्रेरक TLM व्यवस्थापन कार्यविधी २०७६ को अधिनमा रही यस विद्यालयका शिक्षण सिकाई सहायक उत्प्रेरक TLAM छनौट गर्नु पर्ने भएकोले तपसिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

१. **बिज्ञापन नं. २०७६/०१**
   (क.) **प्रकाशित मिति** : २०७६/०९/२९ गते
   (ख.) **विषय** : सबै
   (ग.) **तह** : प्रा.वि. (आधारभुत)
   (घ.) **पद** : TLAM
   (ङ) **आवश्यक संख्या** : २ (दुई)
२. **नियुक्तिको किसिम** : करार
३. **तलब स्केल** : नगरपालिकाको शिक्षण सिकाई उत्प्रेरक (TLM) व्यवस्थापन कार्यविधी २०७६ ले तोके अनुसार
४. **न्युनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरहा
५. **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
६. **उम्मेदवारले पेश गर्नु पर्ने कागजातहरु** :
   (क.) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि एक/एक प्रति
   (ख.) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एक थान
   (ग.) अध्ययन अध्यापन पत्रको प्रतिलिपि एक थान
   (घ.) पासपोर्ट साइजको फोटो दुई प्रति
७. **दरखास्त दिने अन्तिम मिति** : २०७६/१०/१४
८. **सम्पर्क मिति** : २०७६/१०/१५
९. **परिक्षा दस्तुर** : ७००/- (सात सय)
१०. **परिक्षाको किसिम** : लिखित, मौखिक तथा कक्षा अवलोकन
११. **परिक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**बोधार्थ:**
सप्तकोशी नगरपालिका शिक्षा शाखा फत्तेपुर, सप्तरी

**प्रधानाध्यापक**


# विश्व समाचार

## पाकिस्तान नियन्त्रित काश्मिरमा सोह्रको मृत्यु

इस्लामावाद, २९ पुस (रासस/सिन्ह्वा) ।

पाकिस्तान नियन्त्रित काश्मिरमा कम्तीमा १६ जनाको मृत्यु भएको छ । अधिकारीले मङ्गलबार दिएको जानकारीअनुसार हिमपहिरो र हिमपातसम्वन्धी विभिन्न घटनामा परी अरु कैयौँ बेपत्ता पनि भएका छन् ।

पछिल्लो २४ घण्टामा भएका घटनामा परी उनीहरुको मृत्यु तथा बेपत्ता भएको मुजाफरवादका आयुक्त इम्तीयाज अहमदले जानकारी दिनुभएको छ ।

उहाँका अनुसार अहिलेसम्म कम्तीमा दश जना बेपत्ता भएका विवरण प्राप्त भएका छन् । घटनास्थलमा खोजी तथा उद्धार जारी रहेको पनि अधिकारीले बताएका छन् ।

मृत्यु भएकामध्ये अधिकांशको पाकिस्तान नियन्त्रित काश्मिरमा पर्ने निलम उपत्यकामा रहेका जनाइएको छ । दर्जनौँ घर, सवारी साधन र पसल पनि क्षतिग्रस्त भएको आयुक्त अहमदले जानकारी दिनुभएको छ ।

त्यस क्षेत्रमा पछिल्लो समय हिमपात, हिमपहिरोलगायत वर्षासम्वन्धी विभिन्न घटना भएको पनि उहाँले बताउनुभयो ।

लावत गाउँमा रहेको एक विद्यालयतर्फ गइरहेका १० जना विद्यार्थी पनि हिउँ पहिरोमा परेको सरकारी अधिकारीले जनाएका छन् । उनीहरुमध्ये तीन जनाको घटनास्थलमै मृत्यु भएको थियो भने अरु घाइते भएका थिए ।

त्यस्तै घटना अन्य ठाउँमा पनि भएका छन् । डाक्कि चाक्नार क्षेत्रमा भएको अर्को घटनामा परी अरु छ जनाको मृत्यु भएको छ । त्यहाँ घरमै हिमपहिरो खसेको थियो । पहिरोले च्यापिएका अन्य स्थानीयको उद्धार कार्य भइरहेको जनाइएको छ ।

## विस्फोटमा परी दुई बालबालिकाको मृत्यु

मजार ए शरिफ, २९ पुस (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको उत्तरी प्रान्त बाल्खको मजार ए शरिफ शहरमा भएको एक बम विस्फेटमा परी दुई बालबालिकाको मृत्यु भएको छ ।

यस विस्फोटमा परी अन्य नौ जना घाइते भएका पनि प्रहरी स्रोतले जानकारी दिएको छ । सो विस्फोटको हालसम्म कुनै समूह जिम्बेवारी लिएको छैन् । यस समाचारको विस्तृत विवरण भने हालसम्म प्राप्त भएको छैन् ।

## चीनमा दश बेपत्ता १५ घाइते

छिनिङ, २९ पुस (रासस/सिन्ह्वा) ।

चीनको उत्तरपश्चिमी क्षेत्रमा पर्ने क्विन्घाई प्रान्तमा भएको घटनामा परी कम्तीमा दशजना बेपत्ता भएका छन् ।

स्थानीय अधिकारीले मङ्गलबार विहान दिएको जानकारीअनुसार सोमबार भएको सडक दुर्घटनामा परी अरु १५ जना घाइते पनि भएका छन् ।

स्थानीय समयानुसार बेलुका ५.३० बजे नान्डाजी सडकमा दुर्घटना भएको हो । एउटा सार्वजनिक बस सडकबाट तल खसेर दुर्घटना भएको अधिकारीले जनाएका छन् ।

अहिले दुर्घटना भएको नान्डाजी भन्ने ठाउँमा अत्यधिक धेरै सवारी साधनको चाँप हुने गरेको छ । दुर्घटनामा परी बेपत्ता भएकाको खोजी कार्य जारी रहेको अधिकारीले बताएका छन् ।

यसअघि स्थानीय अधिकारीले दुई जना मात्र बेपत्ता भएका र १३ जना घाइते भएका बताएका थिए ।

घाइते भएकालाई स्थानीय अस्पतालमा उपचार गराइएको छ भने कसैको पनि अवस्था चिन्ताजनक नरहेको जनाइएको छ ।

## मेक्सिकोमा थप २९ शव भेटियो

गुआडालाजरा,२९ पुस (रासस/सिन्ह्वा) ।

मेक्सिकोमा सामुहिक चिहान रहेको ठाउँबाट थप २९ ओटा शव निकालिएको छ ।

देशको पश्चिमी सहर गुआडालाजरामा ती शव भेटिएको अधिकारीले सोमबार जानकारी दिएका छन् ।

सङ्गठित अपराध गर्नेबाट क्रुर हत्याको घटना भएको जनाइएको छ । त्यस ठाउँबाट गत नोभेम्बरदेखि अहिलेसम्म कुल ८० ओटा शव निकालिएको अधिकारीले जनाएका छन् ।

स्थानीय अनुसन्धानकर्ताका अनुसार मृत्यु भएका मध्य चार जनाको शव मात्रा आंशिकरुपमा चिन्न सकिने अवस्थामा रहेको छ ।

अहिले शव निकालिएको ठाउँदेखि २६० फिट टाढा पर्ने अर्को ठाउँमा पनि सामुहिक चिहान भेटिएको थियो । त्यस ठाउँबाट गत डिसेम्बरमा कम्तीमा ५० भन्दाबढी शव निकालिएको थियो ।

मेक्सिकोका विभिन्न ठाउँमा सामुहिक चिहान भेटिएका छन् भने ती ठाउँबाट सयौँको शव निकालिएको छ । अरु पनि शव खोज्ने क्रम चलिरहेको ती अधिकारीले जनाएका छन् ।

# सहपाठीहरुद्वारा स्व. जोशीप्रति श्रद्धाञ्जली






**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

हृदयघात भई असमायिक निधन भएका राजविराज २ तेतरी गाछी टोल निवासी दिपक जोशीको स्मृति एवं सम्मानमा मंगलबार उनका सहपाठीहरुले श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

राजविराजस्थित पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालय प्राङ्गणमा मंगलबार २०४० सालका एसएलसी समूहका सहपाठीहरुले आयोजना गरेको श्रद्धाञ्जली सभामा उनलाई श्रद्धाञ्जली दिइएको हो ।

५२ वर्षिय जोशीको पुस ११ गते काठमाडौंस्थित नर्भिक अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको थियो । परिवारजनले हृदयघातका कारण उनको मृत्यु भएको बताएका छन् । पेशाले कम्प्युटर इन्जिनियर रहेका उनको निधनले मर्माहत भएको उनका सहपाठी दिनेश सिंहले बताए ।

स्व. जोशीको तस्बिरमा फुलमाला अर्पण पश्चात् सुरु भएको श्रद्धाञ्जली सभामा दिनेश सिंह, उमेश प्रसाद साह, आशा परियारलगायतले बोल्दै अत्यन्त सरल र राम्रा मित्र गुमाएको र यसले ठूलो क्षति भएको बताए । प्रअ अरुण झाले यसै विद्यालयमा पढेका जोशी सानै उमेरदेखी जेहेन्दार विद्यार्थी रहेको सुनाए ।

वक्ताहरुले मृतआत्माको चिरशान्ति तथा मृतकपरिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित आ-आफ्नो श्रद्धाञ्जली शब्द टुग्याएका थिए ।

श्रद्धाञ्जली सभा पश्चात् स्व. जोशीका सहपाठीहरुले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका बिरामीहरुलाई फलफुल बितरण समेत गरेका थिए ।

सो श्रद्धाञ्जली सभाअघि सहपाठीहरुले तत्कालिन प्रधानाध्यापक स्व. रामचन्द्र झाको सालिकमा फुलमाला अबिर लगाएर श्रद्धासुमन समेत व्यक्त गरेका थिए ।

# सात बुँदे माँगसहित महासंघलाई ध्यानाकर्षण पत्र

**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

नेपाल पत्रकार महासंघ सप्तरीका सल्लाहकार श्रवणकुमार देवले सात बुँदे माँग अघि सार्दै महासंघका उपाध्यक्ष श्यामसुन्दर यादवलाई मंगलबार ध्यानाकर्षण पत्र बुझाएका छन् ।



बुझाइएको ध्यानाकर्षणपत्रमा पत्रकारहरुमाथि आएका धम्कीको सन्दर्भमा महासंघले कुनै पहल नगरेको तथा कारणबारे स्पष्ट पार्न तथा आगामी दिनमा पत्रकारमाथि समस्या आउँदा गम्भीरतापूर्वक पहल गर्न आग्रह गरिएको छ ।

त्यसतै सदस्यता नवीकरण सन्दर्भमा हालै महासंघको केन्द्रीय समितिले राजनीतिक दलमा लागेका, सरकारी कर्मचारीको सदस्यता नवीकरण गर्ने भनी गरिएको निर्णयको पूर्ण पालना गर्न, नयाँ सदस्यताको सन्दर्भमा पत्रकारिता गर्ने सम्पूर्ण पत्रकारलाई सदस्यता बितरण गर्न, गैरपत्रकारलाई सदस्यता नदिन आग्रह गरिएको छ ।

त्यस्तै महासंघ शाखाको गत बर्ष कंचनरुप नगरपालिकाको धारापानीमा आयोजना गरिएको साधारणसभाका निर्णयहरु कार्यान्वयन गरी सार्वजनिक गर्न, पत्रकार महासंघभित्र रहेको लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार कोष र पत्रकार कल्याणकारी कोषमा अध्यक्ष र कोषाध्यक्षबाहेक ती कोषका संस्थापकमध्येका एक जना समेतको हस्ताक्षर चल्ने गरी खाता संचालनको व्यवस्था गर्न, पत्रकार महासंघमा पत्रकारहरुले दर्ता गराएको निवेदनमाथि हालसम्म कुनै सुनुवाई नभएकोले तत्काल ती निवेदनहरुमाथि यथासिघ्र सुनुवाई गर्न आग्रह गरिएको छ ।

त्यस्तै महासंघ कार्यालयमा खरिद गरिएको सामग्रीहरुको विवरण र जानकारी सार्वजनिक गर्न आग्रह समेत गरिएको छ ।

# यूवाहरूलाई सीपमुलकतर्फ आकर्सित गराउन आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

राजबिराज ९ मलेठस्थित जुनतारा बचत तथा श्रृण सहकारी संस्थाको तेस्रो बार्षिक साधारण सभा मंगलबार सम्पन्न भएको छ ।

साधारण सभाको उद्घाटन गर्दै राजबिराज वडा ९ का वडा अध्यक्ष शम्भु प्रसाद यादबले मुलुकको आर्थिक बिकासमा सहकारीको महत्वपुर्ण भुमिका रहेको बताए ।

निक्षेप संकलन र कर्जा प्रवाहमा मात्र सिमित नभई उद्यमशिलता बिकासमा समेत रकम खर्च गर्न आग्रह गर्दै उनले युवाहरूलाई सीपमुलकतर्फ आकर्सित गराउन कार्यक्रम ल्याउनुपर्ने जिकिर गरे ।

संस्थाका अध्यक्ष भिमराज यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा राजबिराज नगरपालिका वडा ९ का सदस्य चन्दर यादब, समाजसेवी असोक मेहताले शुभकामना मन्तब्य दिएका थिए ।

जुनतारा सहकारी संस्थाका उपाध्यक्ष भोला यादबले बार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने लेखा प्रतिवेदन कोषाध्यक्ष रामचन्द्र यादबले प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदनमा संस्थाले गत आव ०७५/०७६ मा ८२ लाख ३ हजार ५ सय हजार संकलन गरी १ करोड ५३ लाख ५० कर्जा लगानी गर्न सफल भएको तथा शेयर पुजी ३२ लाख ५० हजार र संस्थाले खुद नाफा ७ लाख ५० हजार गरेको जनाइएको छ ।

# बसको ठक्करबाट दुईको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, २९ पुस ।**

जनकपुर-ढल्केबर सडक खण्डमा मंगलबार साँझ एक कलेजको बसको ठक्करबाट मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ ।

लक्ष्मीनिया र सपहीको बीचमा ढल्केबरबाट जनकपुरतर्फ आउदै गरेका ज १ क २८२ नम्बरको मोडेल मल्टिपल कलेजको बसले ज. १० प. ३५३५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार लक्ष्मीनिया गाउँपालिका ७ का सन्तोस ठाकुर र क्षिरेश्वरनाथ नगरपालिकाका अनवर राईको मृत्यू भएको प्रहरीले जनाएको छ ।

यता मोटरसाइकलमा सवार दुई जनाको मृत्यू भएपछि आक्रोसित स्थानीयले बसमा आगजनी समेत गरेका छन् ।

## ग्राहक बनेर ...

लेखिएको तथा बिजुलीको तार बाहिर निस्केको बस्तु बम भएको खबर सँगै बैंकका कर्मचारी तथा भुईतल्लामा रहेका अन्य पसलेहरु त्रसित भएका थिए ।

बम राखिएको खबर प्राप्त भएपछि भिमदल गणका प्रमुख सेनानी गुप्त बहादुर कुँवरसहित क्याप्टेन कमल श्रेष्ठ नेतृत्वको बम डिस्पोजल टोली सो स्थानमा पुगी वरपर खाली गराएको थियो ।

सेनाको बम डिस्पोल टोलीले डेढ घण्टाको प्रयास पछि उक्त बम निस्कृय बनाएको प्रमुख सेनानी कुँवरले बताए ।

बैंक प्रबन्धक मुकेश साहले विहान ९ बजे बैंकमा आउँदा कुनै शंकास्पद्ध वस्तु नदेखेको बताउँदै बैंक खुलेपछि कोहि ग्राहक बनेर आएका व्यक्तिले नै त्यो बम राखेको हुन सक्ने आशंका व्यक्त गरे । यद्दपी बम कसले र कीन राखेको बारे स्पष्ट हुन सकेको छैन् । यसबारे आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT






एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।

राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np